iPPAN

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल

Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

हाम्रो गौरव, राष्ट्को पत्रिका

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग्जनः।

# निर्यातले जित्यो विद्युत् आयातलाई



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन १३ गते*

नेपालले भारतबाट किनेकोभन्दा बेचेको विद्युत्‌को मात्रा र रकम बढी भएको छ। नेपालले भारतीय बजारमा विद्युत् निर्यात थालेको तीन वर्षमा पहिलो पटक आयातभन्दा निर्यात बढी भएको हो।

नेपाल विद्युत् प्राधिकरणले आइतबार सार्वजनिक गरेको विवरण अनुसार यसरी गत आर्थिक वर्ष २०८०/८१ मा नेपाल खुद निर्यात गर्ने मुलुक बनेको छ। २०८० साउनदेखि २०८१ असारसम्म एक अर्ब ९४ करोड २६ लाख युनिट विद्युत् भारततर्फ निर्यात भएको छ। त्यसबाट १६ अर्ब ९३ करोड २६ लाख रुपियाँ आम्दानी भएको छ।

सोही अवधिमा १६ अर्ब ८१ करोड तीन लाख रुपियाँको विद्युत् आयात भएको छ । यस अनुसार नेपालले आयातभन्दा १२ करोड २३ लाख रुपियाँ बढीको बिजुली बेचेको छ । सुक्खा याममा खोला तथा नदीहरूमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत् गृहबाट विद्युत् उत्पादन घट्ने हुँदा माग धान्न गत आवमा भारतबाट एक अर्ब ८३ करोड ३५ लाख युनिट विद्युत् आयात गरिएको हो। आँकडा अनुसार नेपाल विद्युत् प्राधिकरणले एक वर्षमै भारतमा छ अर्ब ३५ करोड रुपियाँको विद्युत् निर्यात बढाएको छ भने आयात दुई अर्ब ६३ करोड ३७ लाख रुपियाँ घटाएको छ।

नेपाल विद्युत् प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्स्चेन्ज (आइएक्स) को डे अहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लिले एनभिभिएनलाई बिक्री गरिरहेको छ । एनभिभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ।

निर्यात गरिएको विद्युत्‌को औसत दर प्रतियुनिट आठ रुपियाँ ७२ पैसा छ भने हिउँद याममा आयात गरिएको विद्युत्‌को औसत दर प्रतियुनिट नौ रुपियाँ १७ पैसा रहेको प्राधिकरणले जनाएको छ । ऊर्जाको आधारमा आयातभन्दा १० करोड ९१ लाख युनिट बढी विद्युत् निर्यात भएको हो। आव २०७९/८० मा भारतबाट १९ अर्ब ४४ करोड ४० लाख रुपियाँको विद्युत् आयात भएको थियो भने १० अर्ब ४५ करोड ५० लाख रुपियाँको निर्यात गरिएको थियो।

» बाँकी पृष्ठ २ मा

## निर्यातले...

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी केही वर्ष अझै हिउँदका केही महिनाको आन्तरिक माग व्यवस्थापन गर्न विद्युत् आयात गर्नुपरे पनि अब निर्यातको परिमाण बढ्दै जाने बताउनुभयो।

“लोडसेडिङ निराकरणको अवस्था चिर्दै तीन वर्षअघिबाट भारतीय प्रतिस्पर्धी बजारमा विद्युत् निर्यात सुरु गरेकामा गत आवबाट खुद आयातकर्ताबाट निर्यातकर्ता बन्ने अवस्थामा मुलुक पुगेको छ,” उहाँले भन्नुभयो, “यो ऊर्जा क्षेत्रका लागि महत्त्वपूर्ण कोसेढुङ्गा हो।”

विद्युत् पर्याप्तता बढ्दै जाँदा देशभित्र विद्युतीय सवारीसाधन र इन्डक्सन चुलोको प्रयोगले पेट्रोलियम पदार्थको आयातमा समेत गिरावट आएको तथा विद्युत् निर्यात पनि बढ्दा नेपाल र भारतबिचको व्यापार घाटा कम गर्न योगदान पुगेको उहाँको भनाइ छ। “यसबाट देशको विदेशी मुद्रा सञ्चितिमा सकारात्मक प्रभाव परेको छ,” उहाँले भन्नुभयो। नेपालले भारतको इनर्जी एक्स्चेन्जको डे अहेड मार्केटमा सन् २०२१ मे १ मा प्रवेश पाएको थियो । सुरुमा विद्युत् आयात अनुमति पाएको नेपालले सन् २०२१ नोभेम्बर ३ मा निर्यातकर्ताका रूपमा पनि प्रवेश पाएको थियो । हाल नेपालले मिडियम टर्म, डे अहेड र रियल टाइम मार्केटमा दैनिक करिब सात सय मेगावाट विद्युत् भारतमा बिक्री गरिरहेको छ। प्राधिकरणले १६ वटा आयोजनाबाट उत्पादित ६९० मेगावाट विद्युत् निर्यात अनुमति पाएको हो।

कार्यकारी निर्देशक घिसिङले मध्यकालीन सम्झौता अनुसार थप चार सय मेगावाट विद्युत् निर्यात अनुमति पाउने चरणमा रहेको उहाँले जानकारी दिनुभयो।

Offi
belo
S.N.

कान्तिपुर

# एक वर्षमा १६ अर्ब ९३ करोडको बिजुली निर्यात

● १६ अर्ब ८१ करोडको आयात ● आयातभन्दा १२ करोड २३ लाख बढीको बिजुली निर्यात

**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपाल विद्युत् प्राधिकरणले गत आर्थिक वर्षमा १६ अर्ब ९३ करोड २६ लाख रुपैयाँ बराबरको बिजुली भारत निर्यात गरेको जनाएको छ । प्राधिकरणले उक्त अवधिमा १ अर्ब ९४ करोड २६ लाख युनिट विद्युत् निर्यात गरेको हो । सोही अवधिमा भारतबाट १६ अर्ब ८१ करोड ३ लाख रुपैयाँको विद्युत् आयात भएको छ। अर्थात् एक वर्षमा आयातभन्दा १२ करोड २३ लाख रुपैयाँ बढीको विद्युत् निर्यात गरेको प्राधिकरणको तथ्यांक छ ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आईएक्स) को डे अहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा बिक्री गर्दै आएको हो । यस्तै, मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन) लाई पनि विद्युत् बेच्ने गरेको छ। एनभीभीएनले उक्त विद्युत् हरियाणा राज्यमा आपूर्ति गर्दै आएको छ ।

हिउँदमा उत्पादन घट्दा भने प्राधिकरणले विद्युत् आयात गर्दै आएको छ। गत वर्ष प्राधिकरणले १ अर्ब ८३ करोड ३५ लाख युनिट विद्युत् भारतबाट आयात गरेको थियो । प्राधिकरणका अनुसार निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट ८ रुपैयाँ ७२ पैसा छ भने आयातको औसत दर प्रतियुनिट ९ रुपैयाँ १७ पैसा छ ।

आयातभन्दा निर्यात बढी भएकाले भारतीय प्रतिस्पर्धी बजारमा प्रवेश पाएको तीन वर्षमा नै नेपाल विद्युत्को खुद निर्यातकर्ता बनेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए । '६/७ वर्षअघिसम्म आयातकर्ताको मात्र अवस्था थियो, ३ वर्षअघिदेखि निर्यात थालियो,' उनले भने, 'थोरै परिमाणमा भए पनि गत आर्थिक वर्षदेखि खुद निर्यातकर्ता बनेका छौं, यो महत्त्वपूर्ण उपलब्धि हो ।'

अघिल्लो आर्थिक वर्ष २०७९/८० मा भारतबाट १९ अर्ब ४४ करोड ४० लाख रुपैयाँको विद्युत् आयात भएको थियो । सोही अवधिमा नेपालले १० अर्ब ४५ करोड ५० लाख रुपैयाँको विद्युत् निर्यात गरेको थियो । आगामी केही वर्ष अझै हिउँदका केही महिना आन्तरिक माग व्यवस्थापन गर्न विद्युत् आयात गर्नुपरे तापनि अब निर्यातको परिमाण बढ्दै जाने घिसिङले बताए ।



| आयात हुने मुख्य महिना | |
|---|---|
| मंसिर | १९ करोड ५४ लाख |
| पुस | १ अर्ब ५१ करोड ६८ लाख |
| माघ | ३ अर्ब ३६ करोड ६४ लाख |
| फागुन | ३ अर्ब ४० करोड ५६ लाख |
| चैत | ३ अर्ब २७ करोड ७० लाख |
| वैशाख | २ अर्ब १८ करोड ९ लाख |
| जेठ | १ अर्ब ५८ करोड ४ लाख |

| निर्यात हुने मुख्य महिना | |
|---|---|
| साउन | २ अर्ब १४ करोड ७६ लाख |
| भदौ | ३ अर्ब ५३ करोड ४७ लाख |
| असोज | ४ अर्ब १६ करोड ८४ लाख |
| कात्तिक | २ अर्ब ७५ करोड ५ लाख |
| मंसिर | ७६ करोड ५६ लाख |
| जेठ | ६३ करोड ७८ लाख |
| असार | २ अर्ब ९१ करोड ९३ लाख |

*स्रोत : नेपाल विद्युत् प्राधिकरण*

**६/७ वर्षअघिसम्म आयातकर्ताको मात्र अवस्था थियो, ३ वर्षअघिदेखि निर्यात थालियो, थोरै परिमाणमा भए पनि गत आर्थिक वर्षदेखि खुद निर्यातकर्ता बनेका छौं, यो महत्त्वपूर्ण उपलब्धि हो**

● **कुलमान घिसिङ**
कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

तर, सुक्खायाममा महँगो पर्ने भन्दै प्राधिकरणले बिजुली आयात नगर्दा खुद निर्यातकर्ता बनेको उद्योगीहरूको आरोप छ। नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालले वर्षामा पर्याप्त पाए पनि हिउँदमा स्वदेशी उद्योगले मागेजति बिजुली प्राधिकरणले नदिएको बताए । 'डिसेम्बरमा रातिको बिजुली लिंदा महँगो पर्छ भनेर प्राधिकरणले आयात गरेन, स्वदेशी उद्योगलाई १२ घण्टा लोडसेडिङमा राखियो । अनि अहिले खुद निर्यातकर्ता भएको छ,' उनले भने ।

नेपालले भारतको इनर्जी एक्सचेन्जको 'डे अहेड' बजारमा सन् २०२१ मे १ मा प्रवेश पाएको थियो । सुरुमा विद्युत् आयात अनुमति पाएको नेपालले सोही वर्षको नोभेम्बर ३ मा निर्यातकर्ताका रूपमा प्रवेश पायो । हाल नेपालले मिडियम टर्म, डे अहेड र रियल टाइम मार्केटमा दैनिक करिब ७ सय मेगावाट विद्युत् बिक्री गरिरहेको छ । प्राधिकरणले १६ वटा आयोजनाबाट उत्पादित ६९० मेगावाट विद्युत् निर्यातको अनुमति पाएको हो ।

कार्यकारी निर्देशक घिसिङले मध्यकालीन सम्झौताअनुसार थप ४ सय मेगावाट विद्युत् निर्यात अनुमति पाउने चरणमा रहेको उल्लेख गरे । 'हरियाणा र बिहार राज्यलाई बिक्री गर्ने गरी थप ४ सय मेगावाट विद्युत् निर्यात गर्न भारतको सम्बन्धित निकायबाट अनुमति आउने चरणमा छ, बंगलादेशसँग पनि छिट्टै सम्झौता गरी ४० मेगावाट निर्यात गर्दै छौं,' घिसिङले बताए । 'लिऊ या तिर' सर्तसहित विद्युत् खरिदबिक्री सम्झौता गरिएका निजी क्षेत्रका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारण लाइनमा समस्या आउँदाको अवस्थामा बाहेक खेर नगएको उनले बताए ।

आर्थिक अभियान
www.abhiyandaily.com

नेपालले किन्नेभन्दा बेच्ने बिजुली धेरै

# पहिलोपटक बन्यो खुद विद्युत् निर्यातकर्ता

अभियान संवाददाता

काठमाडौं

किन्नेभन्दा बेच्ने बिजुली धेरै भएसँगै नेपाल पहिलोपटक खुद विद्युत् निर्यातकर्ता बनेको छ । नेपालले गत आर्थिक वर्ष (आव) २०८०/८१ मा १६ अर्ब ९३ करोड २६ लाख रुपैयाँको विद्युत् भारततर्फ निर्यात गर्दै खुद विद्युत् निर्यातकर्ता बनेको हो ।

| आर्थिक वर्ष | विद्युत् निर्यात (रुपैयाँ) | विद्युत् आयात (रुपैयाँ) |
|---|---|---|
| २०८०/८१ | १६ अर्ब ९३ करोड | १६ अर्ब ८१ करोड |
| २०७९/८० | १० अर्ब ४५ करोड | १९ अर्ब ४४ करोड |

*स्रोत : नेपाल विद्युत् प्राधिकरण*

नेपालले यस अवधिमा १६ अर्ब ८१ करोड ३ लाख रुपैयाँको विद्युत् आयात गरेको छ । निर्यात र आयातबीचको अन्तर हेर्दा उक्त अवधिमा नेपालले आयातको तुलनामा १२ करोड २३ लाख रुपैयाँले धेरैको बिजुली भारततर्फ निर्यात गरेको हो । नेपाल विद्युत् प्राधिकरणका अनुसार गत आवको साउनदेखि असारसम्म प्राधिकरणले १ अर्ब ९४ करोड २६ लाख युनिट बिजुली भारत निर्यात गरेको हो ।

निर्यात गरिएको परिमाण आयातभन्दा बढी भएकाले भारतीय प्रतिस्पर्धी बजारमा प्रवेश पाएको ३ वर्षमै नेपाल विद्युत्को खुद निर्यातकर्ता बनेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए । '६/७ वर्षअघिसम्म नेपाल विद्युत् आयातकर्ता मात्र थियो, ३ वर्षअघिबाट भारतीय प्रतिस्पर्धी बजारमा विद्युत् निर्यात शुरू गरे तापनि निर्यातभन्दा आयात बढी भई खुद आयातकर्ता बन्ने अवस्था थियो । गत आवबाट खुद आयातकर्ताबाट निर्यातकर्ता बन्ने अवस्था बनेको छ । थोरै परिमाणमा खुद निर्यातकर्ता भए पनि यो महत्त्वपूर्ण उपलब्धि हो,' घिसिङले भने । ऊर्जाक्षेत्रका लागि यो एउटा कोसेढुंगा भएको घिसिङको तर्क छ ।

प्राधिकरणले देशभित्र खपत गरी बचेको बिजुली भारतीय ऊर्जा एक्सचेन्ज (आईएक्स) को डे अहेड तथा रियलटाइम मार्केटमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेड (एनभीभीएन) लाई बिक्री गरिरहेको छ । एनभीभीएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ । निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट ८ रुपैयाँ ७२ पैसा छ ।

सुक्खा याममा खोला तथा नदीमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत् गृहको उत्पादन घटेका बेला माग धान्न गत आवमा भारतबाट १ अर्ब ८३ करोड ३५ लाख युनिट विद्युत् आयात गरिएको थियो । नेपालले हिउँदमा भारतबाट आयात गरेको विद्युत्को औसत दर प्रतियुनिट ९ रुपैयाँ १७ पैसा छ । विद्युत् आयात निर्यात युनिटको तुलना गर्दा नेपालले आयात युनिटभन्दा १० करोड ९१ लाख युनिट बढी विद्युत् निर्यात गरेको हो ।

नेपालले आव २०७९/८० मा भारतबाट १९ अर्ब ४४ करोड ४० लाख रुपैयाँको विद्युत् आयात र १० अर्ब ४५ करोड ५० लाख रुपैयाँको निर्यात गरेको थियो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी केही वर्ष अझै हिउँदका केही महीनाको आन्तरिक माग व्यवस्थापन गर्न विद्युत् आयात गर्नु परे पनि अब निर्यातको परिमाण बढ्दै जाने बताए ।

'विद्युत् पर्याप्त उपलब्ध हुँदा देशभित्र विद्युतीय सवारीसाधन र इन्डक्शन चूल्होको प्रयोगले पेट्रोलियम पदार्थको आयातमा गिरावट आउँदा र विद्युत् निर्यात परिमाण बढ्दा नेपाल र भारतबीचको व्यापारघाटा कम गर्न योगदान पुगेको छ, यसबाट देशको विदेशी मुद्रा सञ्चितिमा पनि सकारात्मक प्रभाव परेको छ,' उनले भने ।

नेपालले भारतको इनर्जी एक्सचेन्जको डे अहेड मार्केटमा सन् २०२१ मे १ मा प्रवेश पाएको थियो । शुरूमा विद्युत् आयात अनुमति पाएको नेपालले सन् २०२१ नोभेम्बर ३ मा निर्यातकर्ताका रूपमा पनि प्रवेश पाएको थियो । हाल नेपालले मिडियम टर्म, डे अहेड र रियल टाइम मार्केटमा दैनिक करीब ७०० मेगावाट विद्युत् भारतमा बिक्री गरिरहेको छ । प्राधिकरणले १६ ओटा आयोजनाबाट उत्पादित ६९० मेगावाट विद्युत् निर्यात अनुमति पाएको हो ।

कार्यकारी निर्देशक घिसिङले मध्यकालीन सम्झौताअनुसार थप ४०० मेगावाट विद्युत् निर्यात अनुमति पाउने चरणमा रहेको उल्लेख गरेका छन् । 'हरियाणा र विहार राज्यलाई बिक्री गर्ने गरी थप ४०० मेगावाट विद्युत् निर्यात गर्न भारतको सम्बद्ध निकायबाट अनुमति आउने चरणमा छ, बंगलादेशसँग पनि छिट्टै सम्झौता गरी यसै वर्षबाट ४० मेगावाट निर्यात गर्दै छौं,' घिसिङले भने । 'लिऊ या तिर' शर्तसहित विद्युत् खरीदबिक्री सम्झौता गरिएका निजीक्षेत्रका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारण लाइनमा समस्या आउँदाको अवस्थामा बाहेक सारभूत रूपमा खेर गएको छैन ।'

# ऊर्जा उत्पादकको मनोबल बढाउने गरी काम गर्नुपर्छ : अर्थमन्त्री पौडेल

काठमाडौं । उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले ऊर्जा उत्पादकहरूको मनोबल बढाउने गरी सरकारले काम गर्ने बताएका छन् । आइतवार अर्थ मन्त्रालयमा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का पदाधिकारीसँगको भेटमा अब बिजुली पुग्यो भन्ने अवस्थामा मुलुक नपुगिसकेकाले ऊर्जा उत्पादनकलाई हौसला दिनुपर्ने उनले बताए ।

अर्थमन्त्री पौडेलले अहिले नेपालले बिजुली आयात र निर्यात दुवै गरिरहेको उल्लेख गर्दै प्रतिव्यक्ति विद्युत् खपत बढाउन अझ धेरै बिजुली आवश्यक हुने भएकाले निजीक्षेत्रका ऊर्जा उत्पादकहरूको मनोबाल बढ्ने गरी काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

भेटमा इप्पानका अध्यक्ष गणेश कार्कीले नेपालमा ऊर्जा क्षेत्र यहाँसम्म आउनुमा निजीक्षेत्रको योगदान उल्लेख्य रहेको बताए । उनले साढे दुई दशकदेखि ऊर्जा उत्पादन शुरू गरेको निजीक्षेत्रबाट मात्र हालसम्म २५ सय मेगावाट बराबरका १८२ आयोजना निर्माण सम्पन्न भएका, ३९ सय मेगावाट बराबरका १३७ आयोजना निर्माणाधीन रहेका र ३९ सय मेगावाट बराबरकै १३६ आयोजना नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरीद सम्झौता (पीपीए) भएर वित्तीय व्यवस्थापनको पर्खाइमा रहेको तथ्यांक अर्थमन्त्री पौडेलसामु राखेका थिए ।

यस्तै सर्वेक्षण सम्पन्न भई निर्माणका लागि विद्युत् विकास विभागमा आवेदन दिएका १० हजार ७०० र निर्माण अनुमति लिएर पीपीएका लागि प्राधिकरणमा आवेदन दिएका १० हजार मेगावाटका आयोजनामध्ये पनि ८० प्रतिशत निजीक्षेत्रको अगुवाइमा अघि बढिरहेको पनि कार्कीले बताए ।

निजीक्षेत्रले नेपालको ऊर्जा विकासमा आक्रमक ढंगले अघि बढिरहेको बेला नेपाल सरकारले गत जेठमा सार्वजनिक गरेको वित्त नीति र नेपाल राष्ट्र बैंकले गत शुक्रवार सार्वजनिक गरेको मौद्रिक नीतिले ऊर्जा विकासमा संलग्न सम्पूर्ण निजीक्षेत्र उत्साहित हुन नसकेकोले निजीक्षेत्र उत्साहित हुने गरी ऊर्जा उत्पादकका सबालहरू सम्बोधन गरिदिन इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले अर्थमन्त्री पौडेलसँग आग्रह गरे ।

उक्त भेटमा इप्पानबाट अध्यक्ष गणेश कार्की, वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी, उपाध्यक्षद्वय आनन्द चौधरी र उत्तम भ्लोन, उपमहासचिव प्रकाश दुलाल तथा कार्यसमिति सदस्यद्वय उत्तरकुमार श्रेष्ठ र भरत पराजुली सहभागी थिए । विद्युत् ऐन २०४९ मा ऊर्जा आयोजनाहरूको मर्मत सम्भारका लागि सामान/उपकरण आयात गर्दा एक प्रतिशत मात्र भन्सार लाग्ने उल्लेख भएको तथा आर्थिक वर्ष २०७९/८० सम्मको बजेटमा समेत उल्लेख भएको उक्त व्यवस्था अघिल्लो आर्थिक वर्षदेखि हटाइएकोले विद्युत् ऐनमा रहेको सो एक प्रतिशत मात्र भन्सार लाग्ने व्यवस्था कायम गरिदिनुपर्ने इप्पानको माग थियो । *रासस*

annapurnapost.com
अन्नपूर्ण पोस्ट

# विद्युत् आयात र निर्यात उस्तै–उस्तै

अन्नपूर्ण | *काठमाडौं*


नेपालबाट गत आर्थिक वर्ष २०८०/०८१ मा भारततर्फ १६ अर्ब ९३ करोड रुपैयाँको विद्युत् निर्यात भएको छ। समीक्षा वर्षमा नेपाल विद्युत् प्राधिकरणले १६ अर्ब ८१ करोड ३ लाख रुपैयाँको विद्युत् आयात गरेको थियो।

प्राधिकरणले गत आवको साउनदेखि असारसम्म १ अर्ब ९४ करोड २६ लाख युनिट विद्युत् भारततर्फ निर्यात गरी १६ अर्ब ९३ करोड २६ लाख रुपैयाँ आम्दानी गरेको छ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आईएक्स)को डेअहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा बिक्री गर्दै आइरहेको छ।

प्राधिकरणले मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटीपीसी विद्युत् व्यापार निगम (एनभीएन) बिक्री गरिरहेको छ। एनभीएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ। निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट ८ रुपैयाँ ७२ पैसा छ।

सुक्खायाममा खोला तथा नदीहरूमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत् गृहहरूबाट विद्युत् उत्पादन घट्ने हुँदा माग धान्न गत आवमा भारतबाट १ अर्ब ८३ करोड ३५ लाख युनिट विद्युत् आयात गरिएको हो। हिउँदयाममा आयात गरिएको विद्युत्को औसत दर प्रतियुनिट ९ रुपैयाँ १७ पैसा छ।



सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

गत आवमा आयातभन्दा १२ करोड २३ लाख रुपैयाँको बढी विद्युत् भारततर्फ निर्यात भएको छ। यसैगरी, ऊर्जाका आधारमा आयातभन्दा १० करोड ९१ लाख युनिट बढी विद्युत् निर्यात भएको हो। निर्यात गरिएको परिमाण आयातभन्दा बढी भएकाले भारतीय प्रतिस्पर्धी बजारमा प्रवेश पाएको तीन वर्षमा नै नेपाल विद्युत्को खुद निर्यातकर्ता बनेको छ। आव २०७९/८० मा भारतबाट १९ अर्ब ४४ करोड ४० लाख रुपैयाँको विद्युत् आयात भएको थियो भने १० अर्ब ४५ करोड ५० लाख रुपैयाँको निर्यात गरिएको थियो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी केही वर्ष अझै हिउँदका केही महिनाको आन्तरिक माग व्यवस्थापन गर्न विद्युत् आयात गर्नु परेता पनि अब निर्यातको परिमाण बढ्दै जाने बताए। नेपालले भारतको इनर्जी एक्सचेन्जको डे अहेड मार्केटमा सन् २०२१ मे १ मा प्रवेश पाएको थियो। सुरुमा विद्युत् आयात अनुमति पाएको नेपालले सन् २०२१ नोभेम्बर ३ मा निर्यातकर्ताको रूपमा पनि प्रवेश पाएको थियो।

हाल नेपालले मिडियम टर्म, डे अहेड र रियल टाइम मार्केटमा दैनिक करिब ७ सय मेगावाट विद्युत् भारतमा बिक्री गरिरहेको छ। प्राधिकरणले १६ वटा आयोजनाहरूबाट उत्पादित ६९० मेगावाट विद्युत् निर्यात अनुमति पाएको हो।

कार्यकारी निर्देशक घिसिङले मध्यकालीन सम्झौताअनुसार थप ४ सय मेगावाट विद्युत् निर्यात अनुमति पाउने चरणमा रहेको उल्लेख गरे। 'हरियाणा र बिहार राज्यलाई बिक्री गर्ने गरी थप ४०० मेगावाट विद्युत् निर्यात गर्न भारतको सम्बन्धित निकायबाट अनुमति आउने चरणमा छ, बंगलादेशसँग पनि छिट्टै सम्झौता गरी यसै वर्षबाट ४० मेगावाट निर्यात गर्दैछौं', घिसिङले भने।